# कनकाई नगरपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

अन्तिम प्रतिवेदन

## नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा, १ नं. प्रदेश

माघ २०७५

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *कनकाई नगरपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **परामर्श सहयोग :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौं* |
| **मिति :** | *माघ, २०७५* |

**कृतज्ञता ज्ञापन**

*कनकाई नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुर्‍याउनु हुने नगरपालिकाका प्रमुख श्री राजेन्द्र कुमार पोखरेल, उपप्रमुख श्री मञ्जु दाहाल प्रसाईं, प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद बराल तथा नगरपालिकाका कार्यपालिका सदस्यहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिलगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***एस.डि.आई.सि. परिवार***

# विषय सूची

**परिच्छेद – एक : परिचय ........ ६**

१.१ प्रतिवेदनको बारेमा ........ ६

१.२ राजस्व सुधार योजनाको औचित्य ........ ६

१.३ कार्यक्रमको उद्देश्य ........ ७

१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया ........ ७

*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ ७*

*१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास ........ ७*

*१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम ........ ८*

*१.४.४ तथ्यांक/सूचना संकलन ........ १२*

*१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी ........ १३*

*१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश ........ १३*

*१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना ........ १३*

*१.४.८ प्रतिवेदनको अन्तिम रुप ........ १३*

१.५ अध्ययनको सीमा ........ १३

**परिच्छेद –दुई : नगरपालिकाको संक्षिप्त परिचय ........ १५**

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ १५

२.२ नगरपालिकाको मानवीय संसाधन ........ १६

२.३ नगरपालिकाको भौतिक सम्पत्ति ........ १८

**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता ........ १९**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था ........ १९

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २२

*३.३.१ कर राजस्व ........ २४*

*३.३.२ गैरकर राजस्व ........ २८*

**परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ ३६**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ........ ३६

४.२ विगतको आय परिचालनको अवस्था ........ ३७

४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ........ ४०

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ........ ४१

**परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना ........ ४३**

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ........ ४३

**परिच्छेद – छ : आगामी ३ वर्षको आय प्रक्षेपण ........ ४८**

६.१ राजस्व प्रक्षेपण : यथाअवस्थामा ........ ४८

६.२ राजस्व प्रक्षेपण : राजस्व सुधार कार्ययोजना आशिंक कार्यान्वयनको आधारमा ........ ५२

*६.२.१ राजस्व प्रक्षेपणको आधार ........ ५२*

*६.२.२ राजस्व प्रक्षेपण : राजस्व सुधार कार्ययोजनाको आशिंक कार्यान्वयनको आधारमा ........ ५४*

६.३ नगरपालिकाको राजस्व प्रक्षेपण : राजस्व सुधार कार्ययोजनाको पुर्ण कार्यन्वयनको आधारमा ........ ५८

*६.३.१ राजस्व प्रक्षेपणको आधार ........ ५८*

*६.३.२ राजस्व प्रक्षेपण : राजस्व सुधार कार्ययोजनाको पुर्ण कार्यान्वियनको आधारमा* ................... ६१
**परिच्छेद – सातः निश्कर्ष तथा सुझाव ............................................................ ६५**
७.१ निश्कर्ष तथा सुझाव ........................................................................ ६५
७.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन ......................................................... ६६
**अनुसूचीहरू .............................................................................. ६७**
अनुसूची १ : सन्दर्भ सामग्रीहरू ............................................................ ६८
अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ............................. ६९
अनुसूची ३ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ................................ ७८
अनुसूची ४ : मस्यौदा प्रस्तुति तथा छलफल कार्यशालाको उपस्थिति विवरण ................................... ८१

# तालिकाको सूची

तालिका १: तथ्यांक सूचना संकलन कार्यदल ........ १२
तालिका २: नगरपालिकाका कर्मचारीह□को विवरण ........ १७
तालिका ३: नगरपालिकाको राजस्व शाखामा कर्मचारीह□को विवरण ........ १८
तालिका ४: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २२
तालिका ५: सम्पत्ति करको सम्भाव्यता विवरण ........ २४
तालिका ६: घरजग्गा करको सम्भाव्यता विवरण ........ २५
तालिका ७: व्यवसाय करको सम्भाव्यता विवरण ........ २६
तालिका ८: बहाल विटौरी शुल्क (हाट बजार) संकलनको अवस्था ........ ३०
तालिका ९: पर्यटन शुल्कको सम्भाव्यता विवरण ........ ३३
तालिका १०: सम्पत्तिको बहालबाट प्राप्त हुनसक्ने आयको सम्भाव्यता विवरण ........ ३५
तालिका ११: राजस्व परामर्श समिति ........ ३६
तालिका १२: नगरपालिकाको आय वृद्धिदर ........ ३७
तालिका १३: नगरपालिकाको आन्तरिक आयमा योगदान ........ ३९
तालिका १४: नगरपालिकाको कूल आयमा योगदान ........ ३९
तालिका १५: राजस्व सूधार कार्ययोजना (मस्यौदा गरिएको मिति : २४ मार्ग २०७५) ........ ४३
तालिका १६: राजस्व प्रक्षेपण - यथाअवस्थामा ........ ४८
तालिका १७: राजस्व सुधार कार्ययोजनाको आशिंक कार्यान्वयनको आधारमा आय प्रक्षेपण आधार ........ ५२
तालिका १८: राजस्व प्रक्षेपण - राजस्व सुधार कार्ययोजनाको आशिंक कार्यान्वयनको आधारमा ........ ५४
तालिका १९: राजस्व सुधार कार्ययोजनाका पूर्ण कार्यान्वयनको आधारमा आय प्रक्षेपण आधार ........ ५८
तालिका २०: राजस्व प्रक्षेपण - राजस्व सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयनको आधारमा ........ ६१
तालिका २१: प्रक्षेपित आय संरचना (राजस्व सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयनको आधारमा) ........ ६५

# परिच्छेद – एक : परिचय

## १.१ प्रतिवेदनको बारेमा

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन प्रदेश नम्बर १ अन्तर्गत झापा जिल्लाको कनकाई नगरपालिकाको लागि तयार गरिएको हो । यो प्रतिवेदनमा कनकाई नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सोको आधारमा आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सोको अनुगमनका लागि आधार दिनेछ । राजस्व प्रक्षेपणले नगरपालिकाको आगामी बर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
२. नगरपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

राजस्व सुधार कार्ययोजना तर्जुमा कार्य कनकाई नगरपालिकाले आवश्यकता महसुस गरे बमोजिम सपोर्ट फर डेभलपमेण्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रा.लि. (SDIC), काठमाडौंले प्राविधिक सहयोग उपलब्ध गराएको थियो । अध्ययनका क्रममा नगरपालिकाले राजस्व सम्बन्धी स्थलगत सूचना संकलन तथा कार्यशाला गोष्ठीहरूको आयोजना गरेको थियो ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मूख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रकृयामा सुधारका लागि कनकाई नगरपालिकाको नेतृत्वमा सहभागीतामूलक पद्दति अवलम्न गरी राजस्व

सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालापक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार हुनेछ ।

## १.३ कार्यक्रमको उद्देश्य

कनकाई नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै नगरपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

## १.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहले विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामाग्रीहरू **अनुसूची १** मा दिईएको छ ।

### *१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम*

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि एसडिआइसीबाट खटिएको परामर्शदाताको टोली २०७५ मंसिर २२ गते कनकाई नगरपालिकाको सुरुङ्गा बजार पुगी नगरपालिकाका नगर प्रमुखसंग प्रारम्भिक भेटघाट गरेको थियो, सो छलफलमा अर्को दिनको कार्यक्रमको ढाँचा र हासिल गर्न खोजिएको उपलब्धिहरूका बारेमा छलफल गरिएको थियो । नगरपालिकाको राजस्व परिचालन सम्वन्धमा नगरपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समिति, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न २०७५ मंसिर २३ र २४ गते दुई दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको उद्घाटन कार्यक्रमको अध्यक्षता नगरपालिकाका उपप्रमुख तथा राजस्व परामर्श समितिका संयोजक श्री मञ्जु दाहाल प्रसाईले गर्नु भएको थियो भने कार्यक्रमको संचालन नगरपालिकाका कर्मचारी श्री लक्ष्मी प्रसाद अधिकारीले गर्नु भएको थियो ।



उद्घाटन कार्यक्रममा सूचना अधिकारी श्री हरि प्रसाद मिश्रले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको आवश्यकता र उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । उद्घाटन कार्यक्रमको अन्त्यमा नगरपालिकाका उपप्रमुख तथा कार्यक्रमका अध्यक्ष श्री मञ्जु दाहाल प्रसाईले यस कार्यक्रमका कारण आगामी दिनमा नगरपालिकाको राजस्व परिचालनमा प्रभावकारी उपायहरूको पहिचान हुने र हालसम्म आएका समस्या तथा अस्पष्टतामा स्पष्टता प्राप्त हुने विश्वास व्यक्त गर्नु भएको थियो । अन्त्यमा वहाँले कार्यक्रममा सकृयतापूर्वक भाग लिन सहभागीहरूलाई अनुरोध गर्दै कार्यक्रमले नगरपालिकाको समग्र राजस्व सुधारमा योगदान दिने विश्वास व्यक्त गर्नुभएको थियो ।




कार्यक्रमको उद्घाटन पश्चात् पहिलो दिनको कार्यक्रममा परामर्शदाताहरू पवन लोहनी तथा दामोदर गिरीले सहजीकरण गर्नु भएको थियो । नगरपालिकाले हाल संकलन कुन कुन कर तथा गैर करका शीर्षकहरू अन्तर्गत आन्तरिक आय संकलन गरिरहेको छ भनी छलफल गर्दै टिपोट गरिएको थियो । तत्पश्चात् स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरूको प्रस्तुति र त्यसमाथि छलफल भएको थियो । नगरपालिकाका आन्तरिक आयका मुख्य स्रोतहरू, तिनको सम्भाव्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरूमा समेत छलफल भएको थियो । अन्त्यमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरूको आवश्यकता र संकलन प्रकृयाका बारेमा प्रस्तुति तथा छलफल गरिएको थियो ।

कार्यक्रमको दोस्रो दिन पहिलो दिनको समीक्षासहित शुभारम्भ भएको थियो । समीक्षाका क्रममा सहभागीहरूले पहिलो दिनको कार्यक्रमबाट प्राप्त गरेको ज्ञान, सिकाइ तथा अनुभवहरू व्यक्त गर्नुभएको थियो । दोस्रो दिनको

कार्यक्रम नगरपालिकाको राजस्व सुधारका उपायहरू खोजी गर्नेमा केन्द्रित भएकाले सहजकर्ताहरूद्वारा सहभागीहरूलाई कनकाई नगरपालिकाको राजस्व सुधार गर्न के गर्नुपर्ला भनी सुझाव माग गरिएको थियो । सहभागीहरूबाट मेटाकार्ड मार्फत् संकलन गरिएको उक्त सुझावहरूको सारांश देहाय अनुसार रहेको छ :



- *सम्पूर्ण व्यवसायीलाई करको दायरामा ल्याई व्यवसाय कर प्रभावकारी रुपमा संकलन गर्न सकिने प्रक्रिया मिलाउने ।*
- *कर प्रशासनमा सूचना प्रविधिको प्रयोग गर्ने*
- *राजस्व संकलन अनुगमन गर्ने तथा खर्चको पारदर्शितामा ध्यान दिने*
- *ई रिक्सा/अटो रिक्सालाई नगरपालिका मै दर्ता/नवीकरण गराउने*
- *तथ्याङ्कलाई अध्यावधिक राखी संकलन प्रणलीलाई व्यवस्थित गर्ने*
- *वैज्ञानिक कर प्रणाली र राजस्व प्रशासनको सुधार*
- *करको दायरा वृद्धि गरी सवै करदातालाई कर तिर्न लगाउने वातारण तयार गर्ने*
- *राजस्व चुहावट नियन्त्रण कार्य प्रभावकारी बनाउने*
- *कर दातालाई कर तिर्न उत्प्रेरणा बढाउने*
- *करको दायरा बढाउनुलाई करका दर न्यून कायम गर्ने*

कार्ययोजनाको तथ्यांक तथा अन्य प्राविधिक पक्षहरूलाई समेटी संचालन गरिएको कार्यक्रममा सहभागीहरूलाई निम्न चार समूहमा विभाजन गरी राजस्व सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी कार्ययोजना बनाउन समूह कार्य गराइएको थियो :

समूह १ : राजस्वका शीर्षकगत दर, दायरा तथा प्रक्षेपण

समूह २ : कर राजस्व सुधार योजना

समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

समूहलाई निष्कर्षमा पुग्न सहजकर्ताहरूबाट आवश्यक सहयोग प्रदान गरिएको थियो । समूह नेताले समूह कार्यको निश्कर्ष प्रस्तुत गर्न लगाई सो माथि छलफल गरी सुझाव संकलन गरिएको थियो । समूह कार्यका लागि कार्ड, चार्टलाई उपयोगमा ल्याइएको थियो ।

**समुह १**

**टोली नेताः** मञ्जु दाहाल प्रसाई (नगर उप प्रमुख) तथा **प्रस्तुतकर्ता :** लक्ष्मी प्रसाद अधिकारी (खरिदार)



**समूह २**

**टोली नेताः** रुद्र प्रसाद चिमरिया (वडा अध्यक्ष, ३) तथा **प्रस्तुतकर्ताः** दिनेश कुमार पोखरेल (लेखा प्रमुख)



**समुह ३**

**टोली नेताः** राजेन्द्र कुमार पोखरेल (नगर प्रमुख), **प्रस्तुतकर्ताः** रीता खतिवडा (शाखा अधिकृत)



**समुह ४**

**टोली नेता तथा प्रस्तुतकर्ताः** गणेश प्रसाद बराल (प्रमुख प्रशासकीय अधिकृत)



समूह कार्यको प्रस्तुति तथा छलफल पश्चात् नगरापालिकाको राजस्व सुधार कार्य योजना तर्जुमा तथा आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका लागि आवश्यक तथ्यांक तथा सूचना संकलनका लागि देहायबमोजिमको कार्यदल गठन गरियो :

**तालिका १: तथ्यांक सूचना संकलन कार्यदल**

| क.सं. | नाम, पद | जिम्मेवारी |
|---|---|---|
| १ | दिनेश कुमार पोखरेल, लेखा प्रमुख | संयोजक |
| २ | भोजराज आचार्य, ना.सु. | सदस्य |
| ३ | लक्ष्मी प्रसाद अधिकारी, खरिदार | सदस्य |
| ४ | उद्योग वाणिज्य संघ, प्रतिनिधि | सदस्य |
| ५ | बजार व्यवस्थापन समिति, अध्यक्ष | सदस्य |

परामर्शदाताको प्रत्यक्ष सहयोग र समन्वयमा आवश्यक सूचना तथा तथ्यांक संकलन गर्नु यस कार्यदलको प्रमुख जिम्मेवारी रहेको थियो ।

कार्यक्रममा नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलले कार्यक्रम अन्त्यन्त लाभदायी भएको जानकारी गराउँदै निम्न कुराहरू राख्नु भएको थियो :

- *नगरपालिकाले राजस्व सुधार कार्ययोजनाको आवश्यकता महसुस गरी सम्बन्धित दातृ निकायसंग आवश्यक सहयोगका लागि निरन्तर छलफल पछि यो कार्यक्रम संचालन भएको*
- *नगरपालिकाको प्रमुख ध्येय नै नगरलाई समृद्ध बनाई आत्मनिर्भर बनाउनु रहेको*
- *नगरको आत्मनिर्भरताका लागि आफ्नौ स्रोतबाट आय संकलन गरी आन्तरिक आयलाई सुदृढ बनाउनुपर्ने*
- *जनतालाई संकलित आयको उच्चतम उपयोग हने कुरामा विश्वास दिलाई कर तिर्न उत्प्रेरित गर्ने*
- *प्रभावकारी राजस्व परिचालनका लागि नगरपालिकाका सम्पूर्ण सरकोरवालाहरूलाई साथमा लिएर अगाडि बढ्ने*
- *राजस्व सुधार कार्ययोजनाको कार्यान्वियनले नगरपालिकाको आय परिचालनमा सहयोग गर्ने ।*

अन्त्यमा यस कार्यकममा सहयोग पुऱ्याउनुहुने सम्पूर्णलाई धन्यवाद दिंदै कार्यक्रम समापन गर्नु भएको थियो । पहिलो चरणको दुईदिने कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण यस कार्य योजनाको **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

### *१.४.४ तथ्यांक/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित कार्यदलले आवश्यक तथ्यांकहरू संकलन गरी उपलब्ध गराएको थियो । अध्ययनका कममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियो :

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### *१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू नगरपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ ।

### *१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना*

नगरपालिकाको आयोजनामा २०७५ साल माघ ३ गते **"राजस्व सुधार कार्ययोजना तर्जुमा"** मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सुझाव संकलनका लागि एक दिने कार्यशाला संचालन गरिएको थियो । नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरलेलको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । नगरपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि लगायत जम्मा ४७ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको संचालन नगरपालिकाका कर्मचारी श्री लक्ष्मी अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा प्राविधिक टोलीको तर्फबाट श्री पवन लोहनी तथा दामोदर गिरीले शीर्षकगत रुपमा मस्यौदा प्रतिवेदनका मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिका विषयवस्तुहरू उपर विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गरिएको थियो । कार्यक्रमका अध्यक्ष श्री राजेन्द्र कुमार पोखरेलले कार्यक्रमको समय र विषयवस्तु अत्यन्त सान्दर्भिक भएको र यसले राजस्वको धेरै पक्षहरूमा स्पष्टता ल्याएको जानकारी दिनु भएको थियो । अन्त्यमा राजस्व सुधार कार्ययोजनाले समेटेका क्रियाकलापहरू कार्यान्वयन गरी नगरको राजस्व सुदृढीकरण गर्न नगरपालिका लागी पर्ने कुरा व्यक्त गर्दै कार्यक्रम सम्पन्न गर्नुभएको थियो । कार्यक्रममा सहभागिहरूको नामावली **अनुसूची ४** मा दिइएको छ ।



### *१.४.८ प्रतिवेदनको अन्तिम रुप*

कार्यक्रमका मुख्य सरोकारपक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गर्नुभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## १.५. अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद –दुई : नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको आय परिचालनसँग प्रत्यक्ष अप्रत्यक्ष सम्वन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले नगरपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

**अवस्थितिः** कनकाइ नगरपालिका प्रदेश नम्बर १ अन्तर्गत झापा जिल्लाको मध्य भागमा अवस्थित छ । यसको पूर्वमा अर्जुनधारा र विर्तामोड नगरपालिका, पश्चिममा शिव सताक्षी नगरपालिका, उत्तरमा ईलामको माई नगरपालिका र दक्षिणमा झापा र बाहृदशी गाउँपालिका रहेको छ । यस नगरपालिकाको केन्द्र सुरुङ्गा बजार छेउमा रहेको छ जुन झापा जिल्लाको सदरमुकाम भद्रपुरबाट करिव २८ कि.मी.को दुरीमा रहेको छ र जिल्ला सदरमुकामसँग पिच सडक (पूर्व-पश्चिम राजमार्ग र विर्तामोड-चन्द्रगढी सडक) ले जोडिएको छ । झापा जिल्लाको कुल भुभागको ४.९३ प्रतिशत भुभाग ओगटेको यस नगरपालिका जम्मा ७९.१ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिकामा प्रमुख ४ वटा प्रमुख नदीहरू (कनकाई, विरिङ्ग, घाघरा र सुरुङ्गा) तथा खोलानालाहरू रहेका छन् ।

### नगरपालिकाको गठन

जिल्लाको साविकका घैलाडुब्बा र सुरुङ्गा गाविसहरू समावेश गरी नेपाल सरकारको २०७१ साल मंसीर २५ गतेको निर्णयानुसार कनकाई नगरपालिकाको स्थापना भएको हो । जम्मा ९ वटा वडाहरूमा विभाजित यस नगरपालिकामा २०६८ सालको जनगणना अनुसार कुल घरधुरी ९४२६ र जनसंख्या ४०१४१ (महिला २१६०५ र पुरुष १८५३६) रहेको छ । झापा जिल्लालाई पूर्व र पश्चिम करिव २ वरावरी भागमा बाँडेको यस जिल्लाकै प्रमुख नदी कनकाई नदीका नाममा नै यस नगरपालिकाको नामांकरण गरिएको हो ।

### आर्थिक तथा सामाजिक अवस्था

यस नगरपालिकाको मध्य भागमा पूर्व पश्चिम राजमार्गको ८.२ किलोमिटर खण्ड र अमरपथ झापारोड (सुरुङ्गा - चप्रामारी) को करिब ११.७ किलोमिटर सडक खण्ड पनि यसै नगरपालिकामा पर्दछ । अन्य करिब ८ वटा मुख्य सडकहरू यस नगरपालिकाभित्र रहेका छन्, जसले नगरपालिकाका मुख्य व्यापारिक क्षेत्रहरू तथा वडाहरूलाई जोड्ने काम गर्दछ । यसका अतिरिक्त नगरपालिका क्षेत्रभित्र वडा तथा वस्ती जोड्ने अन्य ग्राभेल तथा कच्ची सडकहरू रहेका छन् ।

यस नगरपालिका क्षेत्रका मुख्य वजार केन्दहरूमा सुरुङ्गा, घैलाडुब्बा, लक्ष्मीपुर र दुर्गापुर हुन् । यस नगरपालिकाको बढ्दो शहरीकरणको आवश्यकतालाई यी बजार केन्द्रहरूले विभिन्न मालासामान तथा सेवाहरू आपूर्ति गरिरहेका छन् । विशेषगरि सूरुङ्गा क्षेत्र व्यापारिक केन्द्रको रुपमा विकसित हुदै गएको छ । स्तरीय होटल, हार्डवयर, इलेक्ट्रोनिक डिलरहरू, रेडीमेड कपडा, मनि ट्रान्सफर, बैक तथा वित्तिय संस्थाहरू, र अन्य सप्लायर्सहरू समेतको संख्या वृद्धि भइरहेको छ । त्यसैगरी घैलाडुब्बा बजार पशु बजारका रुपमा प्रशिद्ध छ भने अन्य बजारहरू दैनिक आवश्यकताका सामानहरू उपलब्ध गराउने खालका छन् । हालसम्म यस नगरक्षेत्रमा ६ वटा वाणिव्य बैंकहरू सहित करिब ५८ वटा बैंक तथा वित्तिय संस्थाहरू रहेका छन् । आर्थिक सर्बेक्षण २०७५ अनुसार यस नगरक्षेत्रमा करिब २३०० को हाराहारीमा विभिन्न किसिमका व्यवसायहरू रहेका छन् भने सोबाट करिव ५५०० जनाले रोजगारी पाएका छन् ।

कनकाई नगरपालिकामा वसोवास गर्ने मुख्य जाति ब्राह्मणण छन् भने क्षेत्री, सतार, राजवंशी अन्य मूख्य जातिहरूको रहेका छन् । यस नगरपालिका क्षेत्रको मुख्य आर्थिक क्रियाकलाप कृषिमा आधारित छ । यस वाहेकका आर्थिक क्रियाकलापमा व्यापार व्यवसाय, सरकारी सेवा र अन्य सेवामुलक रोजगारी रहेका छन् । अन्य स्थानहरूबाट बसाई सर्दै आउने कम बढ्दै गएको र नगरपालिकाले समेत पूर्वाधारहरूमा लगानी बढाउदै लगेकाले विस्तारै यस नगरको बजार क्षेत्रसंगै आर्थिक गतिविधि बढ्दै गईरहेको छ । यस नगरपालिकाको आर्थिक गतिविधिका लागि अर्को अहमं पक्ष बन्द निषेधित क्षेत्र घोषण हुनु हो । उद्योग वाणिज्य संघको पहलमा यस नगर क्षेत्रलाई बन्द निषेधित क्षेत्र घोषणा गरिएको छ जसका कारण देशमा जुनसुकै किसिमका बन्द हुदा पनि यस क्षेत्रका बजारहरू निर्वाध संचालन भइरहेका हुन्छन् । आगामी दिनमा यस नगरपालिका पूर्वकै एक महत्वपूर्ण आर्थिक केन्द्रको रुपमा स्थापित हुने सम्भावना देखिन्छ ।

**प्राकृतिक सम्पदा**

नगरको करिव १७०० हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ भने झापा जिल्लाकै प्रमुख नदीहरू यस नगरक्षेत्रमा पर्ने हुनाले मुख्य प्राकृतिक सम्पदाहरूमा वन पैदावार, खोला नाला रहेका छन् । खोटो जडिबुटीहरू र अन्य काष्ठ तथा गैरकाष्ठ उत्पादनहरू वनक्षेत्रवाट हुने मुख्य उत्पादन हुन् भने नगरपालिका क्षेत्रमा रहेका खोलानालावाट उत्पादित खोलाजन्य उत्पादनका खानीहरू अर्को प्राकृतिक सम्पदाको रुपमा रहेको छ ।

**धार्मिक, साँस्कृतिक एवंम् पर्यटकीय सम्पदा**

धार्मिक, साँस्कृतिक एवम् पर्यटकीय दृष्टिकोणले समेत यो नगरपालिका महत्वपूर्ण रहेको छ । कनकाई नदी आफैंमा धार्मिक महत्व बोकेको नदी हो । विभिन्न धर्म तथा जातजातिको बसोबास रहेको यस नगरपालिका क्षेत्रमा विभिन्न मन्दिर, मश्जिद तथा गुम्बाहरू रहेका छन् । विभिन्न किसिमका जातजाति तथा समुदायका परम्परा र रहन सहन बोकेको यस नगरपालिकाले समय समयमा आफ्ना रितिरिवाज तथा रहनसहनलाई विभिन्न कार्यक्रम मार्फत् प्रस्तुत गर्ने गरेको पाईन्छ ।

कनकाईधाम कोटीहोम, जामुनखाडी सिमसार क्षेत्र, हैप्पी ल्याण्ड (सेल्फि डाँडा), धनुषकोटी धाम, मनोरम प्रार्कतिक छटा सहितको पिकनिक स्थलहरू यहाँका प्रमुख पर्यटकिय आकर्षणका क्षेत्रहरू हुन् । खासगरी महाशिवरात्रि, बालाचतुर्दशी, कृष्णजन्माष्टमी, माघे सङ्क्रान्ति, नयाँ वर्ष जस्ता विषेश दिन तथा पर्वहरूमा यस क्षेत्रमा दर्शनार्थी तथा पर्यटकहरूको घुइँचो हुन्छ ।

**२.२ नगरपालिकाको मानवीय संसाधन**

नवगठित नगरपालिकाको पहिलो निर्वाचन २०७४ बैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत नगरपालिकाको कार्य संचालन भई आएको छ ।

कनकाई नगरपालिकाले हालका लागि एक संगठन संरचना स्वीकृत गरेको छ । स्वीकृत संगठन संरचना अनुसार नगरपालिकामा जम्मा ८ वटा शाखाहरू, १ आन्तरिक लेखा परिक्षण ईकाई र ९ वटा वडाकार्यालयहरू विभाजन गरिएको छ । नगरपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत् रहने गरि राजस्व उपशाखा गठन गरेको छ जसमा ना.सु. १ जना र खरिदार २ जना गरि जम्मा ३ जना कर्मचारीको दरबन्दी राखिएको छ ।

नगरपालिकाको स्वीकृत संगठन संरचना देहाय अनुसार रहेको छ :




२०७५ बैशाख पौष सम्ममा नगरपालिकामा जम्मा २८ जना कर्मचारी कार्यरत रहेका छन् । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: नगरपालिकाका कर्मचारीह□को विवरण**

| क्र.सं. | पद | कार्यरत संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ |
| २ | लेखा अधिकृत | १ |
| ३ | शाखा अधिकृत | ३ |
| ४ | स्रोत व्यक्ति, शिक्षा शाखा | १ |
| ५ | सूचना प्रविधि अधिकृत | १ |
| ६ | इन्जिनियर | १ |
| ७ | जनस्वास्थ्य शाखा प्रमुख | १ |
| ८ | सि. अहेव अधिकृत | १ |
| ९ | नायव सुब्बा | २ |
| १० | कार्यक्रम संयोजक, योजना शाखा | १ |

| क्र.सं. | पद | कार्यरत संख्या |
|---|---|---|
| ११ | खरिदार | ६ |
| १२ | कम्प्युटर अपरेटर | २ |
| १३ | अमिन | १ |
| १४ | सवइन्जिनियर | १ |
| १५ | कार्यालय सहयोगी | ५ |
| | **जम्मा** | **२८** |

२०७५ पौषसम्ममा नगरपालिकाको राजस्व शाखामा देहाय अनुसार कर्मचारी कार्यरत रहेका छन् ।

**तालिका ३: नगरपालिकाको राजस्व शाखामा कर्मचारीह□को विवरण**

| क्र.सं. | पद | दरबन्दी | कार्यरत संख्या |
|---|---|---|---|
| १. | नायव सुब्वा (भोजराज आचार्य) | १ | १ |
| २. | खरिदार | २ | ० |
| ३. | कम्प्युटर अपरेटर (संगिता पौडेल) | | १ |
| | **जम्मा** | **३** | **२** |

## २.३ नगरपालिकाको भौतिक सम्पत्ति

नगरपालिकाको कार्यालय वडा नं. ३ को जमुनाबारी (सुरुङ्गा बजार नजिकै) मा रहेको छ । जम्मा १५ कट्ठा क्षेत्रफल जग्गामा फैलिएको उक्त स्थानमा नगरपालिकाको आफ्नै कार्यालय भवन रहेको छ । जुन कार्यालय भवनमा नगरपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा ईकाईहरूका साथै ६ वटा वडा कार्यालयहरू संचालनमा रहेका छन् । हालको कार्यालय भवनमा पर्याप्त कार्य कक्ष तथा स्थानको कमी रहेको देखिन्छ । नगरपालिकाले निकट भविष्यमै यस भवनमा संचालित वडा कार्यालयहरू सम्बन्धित वडामा लैजाने र माथिल्लो तला थप गर्ने गरि काम गरिरहेको छ । नगरपालिकासँग १ जिप, १ वटा स्काभेटर, १ जे.सि.बि., १ ट्याक्टर र ११ वटा मोटरसाइकल रहेका छन् ।

नौ वटा वडा कार्यालयहरू मध्ये ६ वटा वडा कार्यालयहरू नगरपालिका भवनमै रहेका छन् भने बाँकी ३ वटा वडा कार्यालयहरूमध्ये वडा नं. ५ सम्बन्धित वडाकै आफ्नै स्वामित्वमा भएको जग्गा तथा भवनमा र वडा नं. ८ र ९ सम्बन्धित वडाक्षेत्रमै भाडाको घरमा संचालितछन् । नगरपालिका कार्यालय तथा सबै वडाहरूमा कम्प्युटर, प्रिन्टर र ईमेलको सुविधा रहेको छ ।

नगरपालिकाको स्वामित्वमा करिब ७ विघाहा जग्गा रहेको छ भने ती जग्गाहरू मध्ये करिब ४ विघाहा जग्गामा हाटवजार तथा भवन संरचनाहरू निर्माण गरी भाडामा दिई आय आर्जनको लागि परिचालन गरिएको छ । यसका अलावा नगर क्षेत्रमा प्रशस्त सार्वजनिक जग्गाहरू रहेका छन् । नगरपालिकाले आफ्नो स्वामित्वमा तथा हकभोगमा रहेको जग्गा तथा भवनहरूको अभिलेख तयार गरी अद्यावधिक गर्न जरुरी देखिन्छ ।

# परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा उपलब्ध कानूनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाब्यतालाई शीर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानून (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**कर**

- सम्पत्ति कर, घर र सो ले चर्चेको (लेन्ट एरिया) जग्गामा (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ वाट संसोधित व्यवस्था)
- घर जग्गा बहाल कर
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क : आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत
- जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर

**विक्री**

- वस्तु तथा सेवा विक्री
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री (दफा ११ (२) (घ) (६))

**(ग) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन

- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तिय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी व्यवस्था** (आर्थिक विधयेक २०७५ वाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशलेसवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व वाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी बार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानूनी अधिकारको आधारमा सम्भाब्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउछ ।

**तालिका ४: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शीर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | छ | एकीकृत सम्पत्ति कर लागू भई बक्यौता मात्र संकलन गरिएको | भएको (बक्यौता मात्र) |
| | सम्पत्ति कर | छ | एकीकृत सम्पत्ति करको रुपमा | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | भएको |
| | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| | व्यवसाय कर | छ | भएको | भएको |
| | जडिबुटी, कवाडी र जीवजन्तु कर | छ | नभएको | भएको |
| **ख.** | **गैरकर** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री | छ | नभएको | नभएको |

| क.सं. | आयका शीर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| | नक्सापास दस्तुर | छ | भएको | भएको |
| | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| | वहाल विटौरी शुल्क | छ | भएको | भएको |
| | पार्किङ्ग शुल्क | छ | नभएको | भएको |
| | अस्पताल संचालन | छैन | | |
| | फोहरमैला ब्यवस्थापन शुल्क | छ | भएको | भएको |
| | स्थानीय खानेपानी महसुल | छैन | | |
| | स्थानीय विद्युत महसुल | छैन | | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | | |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवा शुल्क ( खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | छ (हाटवजार, पसलकवल र शौचालयमा मात्र) | भएको | भएको |
| | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | नभएको | नभएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | | |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा नगरपालिकाले कर तर्फ ६ वटा शीर्षकहरूमा आय संकलन गर्ने सम्भावना देखिन्छ । जसमध्ये नगरपालिकाले हालसम्म ६ वटै शीर्षकहरूको करका दरहरू निर्धारण गरि ४ वटा शीर्षकहरूबाट मात्र कर संकलन गरिरहेको छ । त्यसैगरि गैर कर तर्फ समग्रमा जम्मा १६ वटा शीर्षकहरू मध्ये ११ वटा शीर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ । हालसम्म नगरपालिकाले जम्मा ९ वटा शीर्षकहरूमा दर निर्धारण गरि आय संकलन गरिरहेको छ ।

नगरपालिकाले सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) तथा जडिबुटी, कवाडी र जीवजन्तु करको दर निर्धारण गरेको भएता पनि हाल सम्म यी शीर्षकमा कर संकलन गरेको छैन । त्यसैगरि नगरपालिकाले एकिकृत

सम्पत्ति करको व्यवस्था अनुशार सम्पत्ति कर संकलन गरिरहेको छ । नगरपालिकालाई प्राकृतिक तथा खानी जन्य वस्तुको विक्री गर्ने अधिकार प्राप्त भएतापनि यसको हाल सम्म दर निर्धारण तथा संकलन भएको छैन । नगरपालिकाले प्रदेश सरकारले निर्धारण गरी दहत्तर वहत्तर शुल्क अन्तर्गत खानी जन्य वस्तुको शुल्क संकलन गरि प्रदेशसंग राजस्व बाँडफाँड गरि आएको छ । गैर कर अन्तर्गत् दर्ता, अनुमति तथा नवीकरण दस्तुर बापत् आय संकलनको सम्भावना भएतापनि हालसम्म दर निर्धारण तथा आय संकलन भएको छैन ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

#### क. सम्पत्ति कर

**हालको अवस्थाः** नगरपालिकाले आ.व. २०७३।७४ देखि एकिकृत सम्पत्ति करको रुपमा यो कर संकलन गरिरहेको छ । एकिकृत सम्पत्ति कर कार्यान्वयन का लागि नगरपालिकाले बेग्लै कार्यविधि नबनाएको भएता पनि आर्थिक ऐनमा जग्गा र संरचनाको मुल्यांकन तथा मुल्यांकनको आधारमा करको दर तोकेको पाईन्छ । आ.व. २०७४।७५ सम्म जम्मा १७,१२६ (३,९८८ घर सहितका र १३,१३८ जग्गा मात्र भएका) सम्पत्तिधनीहरू करदाताका रुपमा यस नगरपालिकामा दर्ता भएकामा चालु आ.व.को अन्त्यमा उक्त संख्या जम्मा २१,८२७ पुगेको छ । गत आ.व. २०७४।७५ मा ८,३३६ करदाताहरूबाट जम्मा रु. ७६,५५,४५१ संकलन भएको छ, यस अनुरुप हेर्दा प्रति करदाता सम्पत्ती कर रु. ९१८।३६ हुने देखिन्छ । यस नगरपालिकाले चालु आ.व.का लागि सम्पत्ति मूल्यांकनको दर र करको दर केही परिमार्जन गरेकोमा नगरवासीहरूले उक्त नयाँ प्रावधान अधिक भएको भन्दै विरोध गरेपछि नगरपालिकाले गत आ.व.कै दररेट कायम गरेको हो ।

**संभाव्यताः** नगरपालिकाले हालको संवैधानिक व्यवस्था अनुसार सम्पत्तिकरको परिभाषा गरि यो कर कार्यान्वयन गर्नुपर्ने देखिन्छ भने जग्गालाई मालपोतको न्यूनतम दरसंग सामन्जस्यता हुने गरि मूल्यांकन गरी सम्पत्ति करको दरलाई नगरवासीको कर तिर्न सक्ने क्षमताको आधारमा परिमार्जन गरी यसको विवादलाई संवोधन गर्न सकिन्छ । हाल नगरपालिकामा जग्गा टुकिने क्रम बढीरहेको र संरचना निर्माण कार्य समेत तीव्र रुपमा बढेको कुरालाई समेत मध्यनजर गर्दै देहाय अनुसारको सम्भावना एकिन गरिएको छ :

**तालिका ५: सम्पत्ति करको सम्भाव्यता विवरण**

| करदाताको विवरण | करदाता संख्या | | | औसत करको दर | सम्भाव्य आय |
|---|---|---|---|---|---|
| | गत आव सम्म | चालु आवको कार्तिक मसान्त सम्म | चालु आवको अन्त्यसम्म ( अनुमानीत) | | |
| घर र जग्गा भएका करदाता | ३,९८८ | ४,२८० | ४,८६४ | १,००० | ४८,६४,००० |
| जग्गा मात्र भएका करदाता | १३,१३८ | १७,५४७ | २६,३६५ | ५५० | १,४५,००,७५० |
| **जम्मा** | **१७,१२६** | **२१,८२७** | **३१,२२९** | | **१,९३,६४,७५०** |

**सुधारका पक्षहरूः** यस नगरपालिकाको आन्तरिक आयको निकै महत्वपुर्ण स्रोत सम्पत्ति कर भएको र यो कर प्रतक्ष्यरुपमा नगरवासीको सम्पत्तिमा आधारित हुने हुदा संवेदनशिल हुने गर्दछ । यसलाई प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले निम्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ :

- सम्पत्ति कर कार्यान्वयनका लागि बेग्लै कार्यविधि तयार गर्ने ।

- मालपोत कार्यालयसंग समन्वय गरि मालपोतको मूल्यांकन दरसंग नगरपालिकाको सम्पत्ति मूल्यांकनको दरलाई यथार्थपरक बनाउने ।
- जग्गा मूल्यांकन लाई यथार्थपरक बनाउने, यसका कारण नगरवासीलाई करको भार उच्च देखिएमा करको दर परिमार्जन गर्ने ।
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा फाईलिङ्ग गरेर राख्ने ।
- सम्पत्ति करको विवरणसंग घरजग्गा वहाल कर र व्यवसाय कर विवरणलाई आवद्ध गरि एकै पटक तीनवटै कर समेत संकलन गर्ने ब्यवस्था गरि कार्यान्वयन गर्ने ।

**ख. घरजग्गा वहाल कर**

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै कोठा भाडा लगाउने घरधनी वा संझौता बमोजिम बहाल रकमको १० प्रतिशत असुल गर्ने ब्यवस्था गरेको छ । नगरपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानूनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ । आ.व. २०७४।७५ मा यस शीर्षकवाट करिब रु. ३७ हजार संकलन भएको देखिन्छ । चालु आ.व.को कार्तिक मसान्तसम्म जम्मा ३८ जना करदाताबाट जम्मा १,२३,०५२ रुपैया संकलन भएको छ । जसका आधारमा हेर्दा प्रति करदाता रु. ३२३८ संकलन भएको छ ।

**संभावना:** संकलित तथ्यांक अनुसार नगरपालिका क्षेत्रमा करिव १,३५४ जनाले घरजग्गा वहालमा लिएको अनुमान छ । नगरपालिकाको घरजग्गा वहाल करको दरलाई घटाई ५ प्रतिशत कायम गरेमा पनि प्राप्त तथ्यांकका आधारमा विश्लेषण गर्दा देहाय बमोजिम संकलन सम्भावना देखिन्छ ।

**तालिका ६: घरजग्गा करको सम्भाव्यता विवरण**

| क्र. सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा वस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | (✦) |
| | | (क) | अनुमानित | ख x१२ | क x ग | घ को ५% |
| १ | बैंक तथा वित्तिय संस्था | ५० | १०,००० | १२०,००० | ६,०००,००० | ३००,००० |
| २ | अन्य संघ संस्थाहरू | ६३ | ५,००० | ६०,००० | ३,७८०,००० | १८९,००० |
| ३ | ठुला व्यवसायहरू | १३ | १०,००० | १२०,००० | १,५६०,००० | ७८,००० |
| ४ | अन्य व्यवसायहरू | ९१६ | ३,००० | ३६,००० | ३२,९७६,००० | १,६४८,८०० |
| ५ | घरायसी प्रयोजनमा बस्नेहरू | ३१२ | १,५०० | १८,००० | ५,६१६,००० | २८०,८०० |
| **जम्मा** | | **१,३५४** | | **३५४,०००** | **४९,९३२,०००** | २,४९६,६०० |

**सुधारका पक्षहरू:**

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- वहालकरको दर पुनरावलोकन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

**ग. अन्य कर (व्यवसाय कर)**

**ग.१ व्यवसाय कर**

**हालको अवस्थाः** नगरपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ३०० देखि अधिकतम रु २०,००० सम्म रहेको छ । यस वापत नगरपालिकाले गत आर्थिक वर्षमा रु. ९४४,८२७ असुल गरेकोमा चालू आ.व. को लागि रु १२ लाख संकलन हुने अनुमान गरेको छ । चालु आ.व.को कार्तिक मसान्त सम्म जम्मा २७४ जना करदाताबाट जम्मा ५०८,१८० रुपैया संकलन भएको छ, उल्लेखित आधारमा हेर्दा प्रति करदाता रु. १,८५५ संकलन भएका छ ।

**संभावनाः** यस नगरपालिकाको बजार क्षेत्रहरूमा करिब २,१०० वटा व्यवसायीक फर्म तथा प्रतिष्ठानहरू रहेका र तिनीहरूबाट देहाय बमोजिम व्यवसाय कर संकलन हुन सक्ने सम्भावना देखिएको छ :

**तालिका ७: व्यवसाय करको सम्भाव्यता विवरण**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| १ | मझौला उद्योग | ५ | ५,००० | २५,००० |
| २ | साना उद्योग | १२३ | २,५०० | ३०७,५०० |
| ३ | वाणिज्य बैंकहरु | ६ | ५,००० | ३०,००० |
| ४ | विकास बैंक | ३ | ४,००० | १२,००० |
| ५ | लघु वित्त तथा विमा कम्पनिहरु | ११ | ३,००० | ३३,००० |
| ६ | सहकारी संघ संस्थाहरु | ३८ | २,००० | ७६,००० |
| ७ | मनी टान्सफर | ९ | २,००० | १८,००० |
| ८ | ब्यापारिक भवन तथा मल | ११ | ३,५०० | ३८,५०० |
| ९ | पेट्रोल पम्प | ३ | ६,००० | १८,००० |
| १० | निजी अस्पताल | १ | ५,००० | ५,००० |
| ११ | क्लिनिक तथा औषधी व्यवसायी | २२ | १,५०० | ३३,००० |
| १२ | संस्थागत विद्यालय तथा कलेज | १६ | ४,००० | ६४,००० |
| १३ | डिलर तथा थोक विक्रेता | ८५ | २,००० | १७०,००० |
| १४ | निर्माण व्यवासायी तथा सप्लायर्स | ९ | ५,००० | ४५,००० |
| १५ | अन्य साना ब्यवसायहरु | १७५० | ७५० | १,३१२,५०० |
| १६ | नीजि फन पार्क लगायत ठुला मनोन्जन स्थल | ३ | १५,००० | ४५,००० |
| **जम्मा** | | **२०९५** | **१,०६६** | **२,२३२,५००** |

**सुधारका पक्षहरूः** नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि नगर कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।

- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघ आदि कार्यालयहरूसंग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।

### ग.२ जडिवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:** नगरपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छन् तर अन्य मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा भने तथ्यांक तथा सूचनाको अभाव देखिन्छ । स्थानीय सरकार संचालन ऐन लागू भएपछि यस शीर्षकबाट आय संकलन गर्ने अधिकार प्राप्त भएसंगै नगरपालिकाले आर्थिक ऐनमा करका दरहरू निर्धारण गरेको छ । करका दर निर्धारण भएतापनि हालसम्म नगरपालिकाले यो कर संकलन गरेको छैन भने चालु आ.व.का लागि समेत अनुमान गरेको छैन । नगरपालिकाले यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति क्विन्टलका दरले यस्ता कारोवार गर्नेसंग कर संकलन गर्न उपयुक्त देखिन्छ ।

**संभावना:**
नगरपालिका क्षेत्रवाट करिव १५०० क्विन्टलक्विन्टल कवाडी मालवस्तु संकलन तथा बिक्री हुने गरिएको छ । नगरपालिकाले वस्तुको मूल्यको आधारमा प्रति क्विन्टलक्विन्टल औसत रु १०० सम्म कर निर्धारण गरेमा वार्षिक रु १,५०,००० यस स्रोतवाट संकलन हुन सक्ने सम्भावना देखिन्छ । तर मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा जानाकारी नभएकाले सोको सम्भावना गणना गरिएको छैन ।

**सुधारका पक्षहरू:** कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- जडिबुटी, कवाडी तथा जीवजन्तु कारोवार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने ।
- जडिबुटी, कवाडी तथा जीवजन्तुको व्यावसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

### घ. साना सवारी कर

**हालको अवस्था:** वर्तमान कानुनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर गर्ने अधिकार प्रदान गरेको छ । नगरपालिकाले आर्थिक ऐनमा वार्षिक सवारी करको दर तथा साना सवारी साधनको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरेको छ । हालसम्म नगरपालिकाले यो शीर्षकबाट कुनै रकम असुल गरेको छैन भने चालु आ.व.का लागि समेत अनुमान गरेको छैन । प्राप्त तथ्यांक अनुसार यस नगरपालिकामा अटो रिक्सा तथा ई रिक्सा गरि जम्मा ४३१ वटा साना सवारी रहेका छन् ।

**संभावना:**
नगरपालिकाले उल्लेखित बमोजिमका ४३१ साना सवारीबाट प्रति रिक्सा रु १५०० सवारी कर (दर्ता तथा नवीकरण सहित) लिएमा वार्षिक रु ६,४६,५०० संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:** सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।

- सवारी दर्ता दस्तुर निर्धारण गर्ने तथा वार्षिक सवारी करको दर परिमार्जन गर्ने ।

### ङ) विज्ञापन कर

**हालको अवस्थाः** नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आ दिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ । नगरपालिकाले नै दर निर्धारण तथा संकलन गर्ने हुँदा यहा यस करको सम्भावना विश्लेषण गरिएको छ ।

विज्ञापन करका सन्दर्भमा नगरपालिकाले विभिन्न शर्तहरू सहित विज्ञापनका किसिम अनुसार करको दरहरू निर्धारण गरेको छ भने, ठेक्का विधिद्वारा यो कर संकलन गरिरहेको छ । गत आ.व. रु. ७८,४१० संकलन भएकोमा चालु आवमा रु. २ लाख संकलन हुने अनुमान नगरपालिकाले गरेको छ ।

**संभावनाः**

यस नगरक्षेत्रमा व्यापारिक क्षेत्रहरू हुनुका साथै पूर्व पश्चिम राजमार्गको केही खण्डसमेत पर्ने भएको कारण यस क्षेत्रमा विज्ञापन करको सम्भावना अधिक रहेको छ । चालु आ.व.का लागि रु. ४ लाखमा ठेक्का कायम भएको छ । विज्ञापन सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा अनुमानीत रु. ५ लाखसम्म संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

## *३.३.२ गैरकर राजस्व*

### क) अन्य बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री)

**हालको अवस्थाः** यस नगरपालिका हुँदै बग्ने विरिङ्ग खोलावाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादन भई नगरपालिका क्षेत्र तथा अन्यत्र समेत उपयोग हुने गरेको छ । नगरपालिकाले कनकाई नदी तथा विरिङ्ग खोलावाटको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिबाट स्वीकृति गराई सोही आधारमा ठेक्का विधि रकम संकलन गरिरहेको छ । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले कनकाईनदीबाट उत्खनन् गर्न नमिल्ने देखाएकाले विरिङ्ग खोलामात्र ठेक्कामा लागेको हो ।

नगरपालिकाले प्रदेश सरकारको आर्थिक ऐन अनुसार नगरपालिकाकाले दहत्तर वहत्तर शुल्कको रुपमा विरिङ्ग खोलावाट उत्पादिन ढुङ्गा, गिट्टी तथा बालुवावाट रकम संकलन गरी सो को ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउँदै आएको छ । चालु आ.व.का लागि त्यस खोलाका ५ वटा नाकाबाट प्रति घन फिट रु. ३ का दरले जम्मा रु. १,२२,२२,२२२ रुपैयामा संकलन ठेक्का दिई ठेकदारले एकमुष्ठ रुकम जम्मा गरी १० प्रतिशत छुट प्राप्त गरेको छ । हाल १ नं. प्रदेश सरकारले आर्थिक ऐनमा यस किसिमको खानीजन्य वस्तु बिक्रीको गर्नुको सट्टा दहत्तर बहत्तर शुल्क भनी परिभाषित गरेकाले नगरपालिकाहरू अन्यौलमा परेको देखिन्छ ।

यसका अतिरिक्त नगर क्षेत्रमा रहेका सामुदायिक वन क्षेत्रबाट ठूलो परिमाणमा काठ उत्पादन भई बिक्री हुने गरेको छ । नगरपालिकाले यस किसिमको बिक्रीबाट संकलन हुने रकमको ५ प्रतिशत रकम उपभोक्ता समितिबाट लिने गरेको छ ।

**संभावना:** विरिङ्ग खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका आधारमा हेर्दा वडा नं. १, ७, ८ र ९ का पाँचवटा स्थलहरूबाट ढुङ्गा, गिट्टी तथा वालुवा जम्मा ६७००० घन मिटर परिमाण उत्खनन् गरि बिक्री गर्न सकिने देखिएको छ । हाल नगरपालिकाले बिक्री दर निर्धारण गरेको छैन । नगरपालिकाले प्रदेश सरकारको आर्थिक ऐन अनुसार प्रति घन फिट दहत्तर वहत्तर शुल्क मुल्य रु. ३ (१ घन मिटर = ३५.३१४ घन फिट) का दरले संकलन गर्दा रु. ७०,९८,२३५ हुने देखिन्छ । तर बोल कबोल मार्फत् ठेक्का निर्धारण गर्दा रु. १ करोड २२ लाखमा शुल्क संकलन ठेक्का लागेको छ । नगरपालिकाले संघीय कानूनले दिएको अधिकार अनुसार ढुङ्गा, गिट्टी तथा वालुवा विक्री गरी आय आर्जन गर्नेतर्फ कदम चाल्नु पर्ने देखिन्छ । नगरपालिकाले प्रति घन फिट रु ५ बिक्री दर निर्धारण गरेमा १,१८,३०,१९०र आय आर्जन गर्न सक्ने देखिन्छ । प्रदेश सरकारले निर्धारण गरेको दहत्तर वहत्तर शुल्कको परिभाषाभित्र ढुङ्गा, गिट्टी तथा वालुवा राखेकाले यसको अर्थलाई एकीकन गर्न जरुरी देखिन्छ । विगतमा जिल्ला विकास समितिबाट दहत्तर वहत्तरको दायराभित्र दहमा तैरिएर रहेका काठ र खोलाले बगाएर ल्याएका काठलाई बिक्री गरी आय आर्जन गर्ने गरेको थिए ।

त्यसैगरि नगरक्षेत्रमा रहेका चारवटा सामुदायिक वनहरू (प्रजापति, जामुनबारी र सुकेडाँगी र कनकाई) हरू वार्षिक करिब १८००० घन फिट काठ बिक्री हुने गरेको देखिन्छ । उक्त काठको बिक्री दर औसत रु १२०० प्रति घन फिट रहेको छ । जसका कारण ती सामुदायिक बनबाट वार्षिक रु. २ करोड १६ लाख बराबरको काठ बिक्री हुने र सो बापत नगरपालिकाले रु. १० लाख ८० हाजार आम्दानी गर्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रकृया अगाडी बढाउनु पुर्व नगरसभाबाट बिक्रीको दर दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- प्रदेश सरकारको आर्थिक ऐन अनुसारको दहत्तर बहत्तर शुल्कको परिभाषा एकीन गरी दहत्तर बहत्तर शुल्कको दायराभित्र वहेर आउने तैरिने वस्तु (काठ) लाई मात्र समावेश गर्न पहल गर्ने ।
- IEE प्रतिवेदनले एकीन गरेको परिमाणमा ठेक्का लगाएको भएता पनि विगतको तथ्यांक तथा संकलनको अवस्था हेर्दा सोभन्दा बढी खानिजन्य उत्पादन बिक्री तथा निकासी हुने गरेको हुन सक्ने देखिन्छ । नगरपालिकाले सोका लागि प्रभावकारी अनुगमन तथा मूल्यांकन समिति गठन गरी आवधिक अनुगमन गरी नियम कानुनको दायरामा ल्याउनु पर्ने देखिन्छ ।
- नगरपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान उल्लेख गर्नुपर्ने ।

### ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** नगरपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । नगरपालिकाको सुरुङ्गा ( पशु बजार समेत), घैलाडुब्बा (पशु बजार) र दुर्गापुरमा गरि जम्मा तीन स्थानमा हटिया लाग्ने गरेको छ । त्यसैगरि माघेसक्रान्तिको अवसरमा कनकाईनदी तटमा वर्षको एक पटकमा माईमेला लाग्ने गर्दछ । सो मेला भर्न दशनार्थीको निकै घुइचो हुने गर्दछ । नगरपालिकाले हाटबजार विटौरी शुल्क आर्थिक ऐनवाट निर्धारण गरी उल्लेखित तीनवटै हाट बजार तथा माईमेला बाट ठेक्का विधिमार्फत् देहाएअनुसार असुल गरेको छ :

**तालिका ८: बहाल विटौरी शुलक (हाट बजार) संकलनको अवस्था**

| क्र.सं. | पर्यटन स्थलको नाम | ठेक्का कायम भएको रकम |
|---|---|---|
| १ | सुरुङ्गा बजार (पशु बजार समेत) | ४,४११,००० |
| २ | घैलाडुब्बा पशु बजार | १,३०३,३३३ |
| ३ | दुर्गापुर बजार | २०,५००० |
| ४ | माईमेला | ८८०,००० |
| | **जम्मा** | **६,७९९,३३३** |

नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरूमा नगरका कैयौ वस्तिहरू रहेका छन् । हाल नगरपालिकाले त्यस्ता स्थानमा बनेका संरचनाहरूलाई समेत बहाल विटौरी शूल्कको दायरामा ल्याएको छ। निर्माण गरिएको घरको संरचनाका आधारमा न्यूनतम रु. ५० देखि अधिकतम रु. १००० सम्म वार्षिक रुपमा स्थानीय विकास शुल्क शीर्षक अन्तर्गत् संकलन गरिहेको छ।

नगरपालिकाको आफ्नै स्वामित्वमा घैलाडुब्बा बजारमा भएको १ कट्ठा १२ धुर र बाह्रदशी गाउँपालिकामा भएको २ विगाहा १८ कट्ठा जमिनको परिचालन सम्भावना भएतापनि हाल सम्म सो को परिचालन गरि आय आर्जन गरेको देखिदैन ।

**संभावना:** बहाल विटौरी शुल्क संकलन सम्बन्धी हालको अवस्था र शुल्क संकलनमा नगरपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षक बापत बढ्दो दरमा आय संकलन हुने सम्भावना देखिन्छ । हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक संकलन गरि विटौरी शुल्क पुनरावलोकन गरेमा आगामी आ.व.मा हालको संकलनमा २० प्रतिशतले बृद्धि हुने देखिन्छ । त्यसैगरि आगमी आ.व.मा ऐलानी जग्गामा बसोबास गर्ने करिब १०० घरधनी बाट औसत रु. ५०० का दरले ५ लाख संकलन हुने र आफ्नै स्वामित्वमा घैलाडुब्बा बजार र बाह्रदशी गाउँपालिकामा भएको जग्गाको परिचालन बाट करिब ३ लाख आय संकलन हुने अनुमान गरिएको छ।

उल्लेखित आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा ३ वटा हाट बजार र माईमेला बाट हाल संकलन भईरहेको रकमको करिब ८१ लाख ६० हजार, ऐलानी जग्गाका संरचनाबाट रु. ५ लाख तथा स्वामित्वको अन्य जग्गा परिचालन बाट रु. ३ लाख गरि जम्मा रु. ८९ लाख ६० हजार बहाल विटौरी शुल्क संकलन हुने सम्भावना देखिन्छ।

**सुधारका पक्षहरू:** नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि

- वहाल विटौरी शुल्कको दायराभित्र हाटवजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापतलाग्ने शुल्कलाई समावेश गर्ने । स्थानीय विकास शुल्क लिन सक्ने कानूनी ब्यवस्था नभएकोले सो ब्यवस्थालाई परिवर्तन गर्ने ।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गिकरण गरि हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

### ग) नक्सा पास दस्तुर

**हालको अवस्थाः** नगरपालिकाले नक्सापास दस्तुरको दर निर्धारण आर्थिक ऐनमा निर्धारण गरेको छ । हालको नक्सापासको अभ्यास हेर्दा हरेक खाले भवन नर्मािणमा तथा अभिलेखीकरणमा औसत प्रति वर्ग फिट रु. ६ का दरले संकलन गरिएको छ । त्यसै गरि नगरपालिकाले प्राविधिक कर्मचारी खटाउदा लाग्ने रकम समेत निर्धारण गरेको छ । यस शीर्षकवाट आ.बं २०७४।७५ मा रु १८ लाख ९८ हजार संकलन भएको छ । हालै मात्र नगरपालिकाले अभिलेखिकरणको म्याद चैत्र मसान्त सम्म निर्धारण गरेकाले चालु आ.व.मा यो शीर्षक बाट प्रयाप्त रकम संकलन हुने देखिन्छ । चालु आवको कार्तिक मसान्त सम्म जम्मा ६३ वटा नक्सा भई सो बापत रु. ५,२८,३९८ संकलन भएको छ ।

**सम्भावनाः** यस नगरपालिका क्षेत्रमा बढ्दो शहरिकण संगै भवन निर्माणमा तिव्रता देखिन्छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १००० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् । आगामी आ.व.मा यस नगरपालिकामा करिब २५० वटा नयाँ घर निर्माण हुने र पुराना १०० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट औसत रु. ८,००० का दरले जम्मा रु. २८००,००० आम्दानी हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नगरपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

### घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । यो व्यवस्था भर्खरै प्रचलनमा आएको स्थानीय सरकार सञ्चालन ऐनले गरेको हुनाले नगरपालिकाले यस्तो शीर्षकवाट आय संकलन गर्न आर्थिक ऐनमा व्यवस्था गरेको छैन ।

**सम्भावना :** नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव ३०० जति व्यावसायिक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक आदि सञ्चालनमा रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. १,००० लिइएको खण्डमा प्रति वर्ष रु. ३,००,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।

- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने ।

**ङ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**हालको अवस्था:** नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु ५ देखि ३,५०० सम्म निर्धारण गरेको छ र यसवाट गत आर्थिक वर्षको रु. ६४ लाख ३० हजार असुली भएको र चालू आर्थिक वर्षमा यस शीर्षकमा रु. ६३ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ । नगरपालिकाले नगर कार्यपालिका तथा वडा कार्यालयहरूवाट यस्तो दस्तुर संकलन गरिआएको छ । वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम वडा सचिवहरूले नगरपालिकाको राजस्व शाखामा हरेक महिना दाखिला गर्ने गरेका छन् । चालु आ.व.को कार्तिक मसान्त सम्म २४,२३,५४० रुपैया यस शीर्षकमा संकलन भएको छ ।

**सम्भावना:** नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट वार्षिक करिव १७,००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु २५० भएमा वार्षिक सिफारिश तथा प्रमाणित वाट रु ४२,५०,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ । जसमा सिफारिश दस्तुर रु. ३६,५०,०००, व्यक्तिगत घटना दस्तुर रु. १,५०,०००, नाता प्रमाणित दस्तुर रु. २,५०,००० र अन्य दस्तुर रु. २,००,०००

**सुधारका पक्षहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गिकरण गरि दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

**च) अन्य सेवा शुल्क पर्यटन शुल्क**

***च.१ पर्यटन शुल्क***

**हालको अवस्था:** यस नगरपालिकामा रमणिय तथा धार्मिक पर्यटकिय दृष्टीकोणले महत्वपुर्ण स्थानहरू रहेका छन् । जामुनखाडी सिमसार क्षेत्र, हैप्पी ल्याण्ड (सेल्फी डाँडा), धनुषकोटी धाम, मनोरम प्राकृतिक छटा सहितको पिकनिक स्थलहरू यहाँका प्रमुख पर्यटकिय आकर्षणका क्षेत्रहरू हुन् । खासगरी महाशिवरात्रि, बालाचतुर्दशी, कृष्णजन्माष्टमी, माघे सङ्क्रान्ति, नयाँ वर्ष जस्ता विषेश दिन तथा पर्वहरूमा यस क्षेत्रमा दर्शनार्थी तथा पर्यटकहरूको घुइँचो हुने गर्दछ । तरपनि उल्लेखित क्षेत्रहरूमा दैनिक रुपमा पर्यटकहरू आउने र शुल्क तिरेर भ्रमण गर्ने गरेका छन् ।

नगरपालिकाले उल्लेखित क्षेत्रहरूमा पर्यटन शुल्क (आफ्नै सहलगानीमा वनेको वाल उद्यानमा प्रवेश शुल्कको २५ र अन्यले गरेको लगानीमा ५ प्रतिशतका दरले) संकलन गर्ने भनी राजस्व परिचालन अन्तर्गत्को नीति तथा कार्यकममा उल्लेख गरेको भएता पनि यस सम्बन्धी व्यवस्था आर्थिक ऐनमा समावेश गरिएको छ । चालु आ.व.मा नगरपालिकाले पर्यटन शुल्क संकलन गर्ने प्रकृया अगाडी बढाएको छ ।

**सम्भावना :** तत्काल पर्यटन शुल्क संकलनको सम्भावना भएका क्षेत्रहरू (जामुनखाडी सिमसार क्षेत्र, हैप्पी ल्याण्ड ( सेल्फी डाँडा), धनुषकोटी धाम)को तथ्यांक संकलन गरि विश्लेषण गर्दा देहाय बमोजिम पर्यटन शुल्क संकलन हुन सक्ने देखिन्छ :

**तालिका ९: पर्यटन शुल्कको सम्भाव्यता विवरण**

| क्र.सं. | पर्यटन स्थलको नाम | औषत पर्यटक आवागमन संख्या (अनुमानीत) | | प्रवेश शुल्क रु. | अनुमानीत वार्षिक आय रु. | न.पा.ले संकलन गर्ने शुल्कको दर (प्रतिशत) | न.पा.को आय सम्भावना रु. |
|---|---|---|---|---|---|---|---|
| | | दैनिक | वार्षिक | | | | |
| १ | जामुनखाडी सिमसार क्षेत्र | ५०० | १८२,५०० | ५० | ९,१२५,००० | ५ | ४५६,२५० |
| २ | जामुनखाडी सिमसार क्षेत्रको वाल उद्यान | १५० | ५४,७५० | ५० | २,७३७,५०० | २५ | ६८४,३७५ |
| ३ | सेल्फी डाँडा | ७०० | २५५,५०० | १०० | २५,५५०,००० | ५ | १,२७७,५०० |
| ४ | धनुषकोटी धाम (साप्ताहिक रुपमा लाग्ने) | १५ | ५,४७५ | १०० | ५४७,५०० | ५ | २७,३७५ |
| | **जम्मा** | | | | **४२८८७,५००** | | **२,४४५,५००** |

**सुधारका पक्षहरू:**

- आर्थिक ऐनमा पर्यटन शुल्कको संकलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दर निर्धारण गर्ने ।
- नगरपालिकाको पर्यटन शुल्कको दर टिकटमा समावेश गरी टिकटको अभिलेख राख्ने र अनुगमन गर्ने ।
- पर्यटकिय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरि नगरको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने । जस्तो डियर पार्क

### *च.२ फोहरमैला व्यवस्थापन शुल्क:*

**हालको अवस्था:** हाल नगरपालिकाले सुरुङ्गा, दुर्गापुर, लक्ष्मीपुर, घैलाडुब्वा बजार क्षेत्रमा रहेका व्यवसायीहरूसंग फोहरमैला व्यवस्थापन शुल्कको दर निर्धारण गरिको छ । यसका अतिरिक्त फोहर निस्कासन गर्ने व्यवयायिक कारोवारमा संचय कर, स्थानीय विकास शुल्क र सरसफाई कर निर्धारण गरेको छ । तर नगरपालिकाले व्यवसायीहरूसंग व्यवसाय कर असुली संगै रु १०० रकम थप गरि वार्षिक फोहरमैला व्यवस्थापन शुल्क संकलन गरिएको छ । हालको कर संकलन सम्वन्धी कानूनी ब्यवस्था र ब्यवहार विच तारतम्यता देखिएको छैन । यसका अतिरिक्त अधिकार क्षेत्र वाहिरका संचय कर, स्थानीय विकास शुल्क जस्ता शीर्षकमा दर निर्धारण गरिएकाले यसलाई फोहरमैला ब्यवस्थापन शुल्क भित्र ल्याई दर निर्धारण गर्नुपर्ने देखिन्छ ।नगरपालिकाले हाल फोहरमैला ब्यवस्थापन शुल्कवाट उठेको रकम सम्वन्धित शीर्षकमा उल्लेख नगरि व्यवसाय करमै राखिएको छ ।

**सम्भावना:** नगरपालिकाले तत्कालै आफना मुख्य बजारक्षेत्रहरू सुरुङ्गा, घैलाडुब्वा, लक्ष्मीपुर र दुर्गापुरबाट फोहरमैला व्यस्थापन कार्यकम संगै शुल्क संकलन कार्य प्रारम्भ गरेको खण्डका आगामी आ.व.मा यस बापत करिब रु. ३ लाख संकलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- हालको आर्थिक ऐनको ब्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।
- यस्तो शुल्क बेग्लै फोहोर मैला व्यवस्थापन शुल्क शीर्षक अन्तर्गत् संकलन गर्ने ।

***च.३ स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क (सडक सुधार शुल्क):***

**हालको अवस्थाः** यस नगरपालिकाले सडक संग सम्बन्धित रहेर प्रतेक्ष्य रुपमा ३ वटा सडक (लक्ष्मिमार्ग, हिमाली मार्ग र अमरपथ) बाट सडक सवारी कर र विरिङ्ग क्षेत्रको नदिजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट सडक सुधार शुल्क संकलन गरिरहेको छ । सडक सवारी कर तथा सडक सुधार शुल्कका सन्दर्भमा नगरपालिकाले आर्थिक ऐन प्रावधान सहित संकलन दर निर्धारण गरेको छ । नगरपालिकाले कुनैपनि नामवाट पटके सवारी कर लिन सक्ने कानुनी अधिकार नरहेकोले यस्तो कर संकलन खारेज गर्नुपर्ने देखिन्छ । यद्यपी, विरिङ्ग खोलावाट नदीजन्य पदार्थ ढुवानी गर्ने सडक निर्माण तथा मर्मत संचालन मुख्य रुपमा सोही प्रयोजनकोलागि निर्माण गरिएको हुंदा उक्त सेवा वापत स्थानीय पुर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने तर्फ प्रयास गर्नुपर्ने देखिन्छ ।

**सम्भावनाः** विरिङ्ग खोलाको वडा नं. १, ७, ८ र ९ का पाँचवटा स्थलहरूबाट नदिजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट सडक सुधार शुल्क संकलन भइरहेको छ । चालु आवमा नगरपालिकाले ठेक्का विधि मार्फत रु. ६३ लाख ९० हजार आर्जन गरेको छ । उक्त पाँच स्थलका सडक भएर नौ महिनासम्म दैनिक करिब २०० वडा ट्र्याक्टर तथा ट्रिपरहरू नदिजन्य पदार्थ ढुवानीका लागी आवतजावत गर्ने गर्दछन् । उक्त आधारमा हेर्दा ती ट्रकहरूबाट औसत रु. १५० का दरले सडक सुधार शुल्क संकलन गर्दा आगामी आ.व.मा नगरपालिकाले जम्मा रु. ७५ लाख २८ हजार आय गर्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विरिङ्ग खोलाका विभिन्न स्थानहरूबाट मात्र नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरूलाई सडक सुधार शुल्कको दर निर्धारण गर्ने ।
- टेम्पो, ई रिक्सा, अटो रिक्सा वाहेक अन्य सवारीको सवारी करको व्यवस्था आर्थिक ऐनवाट हटाउने ।
- प्रशासनिक सहजताका लागि नदीजन्य पदार्थको बिक्री ठेक्का संगै यो ठेक्का पनि लगाउँदा उपयुक्त हुने ।
- यो सडक सुधार शुल्क भएकाले यस्तो संकलन अगावै उक्त क्षेत्रका सडकहरू मर्मत सुधार गरि सवारी आवतजातमा सहजता कायम गर्ने ।

**छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**हालको अवस्थाः** नगरपालिकाको स्वामित्वमा सुरुङ्गा बजारको मुख्य केन्द्रमा र घैलाडुब्बामा भवनहरू रहेका छन् । हाल सुरुङ्गा बजार क्षेत्रमा भएका तीन किसिमका संरचनाहरू (दुई तल्ले भवन - १, एक तल्ले भवन - १ र कच्ची टहरा - ५ वटा) भाडामा लगाई नगरपालिकाले मासिक रुपमा बहाल रकम संकलन गरिरहेको छ । गत आ.व.मा यो शीर्षकबाट जम्मा रु. २३ लाख ५३ हजार संकलन भएकोमा चालु आ.व.मा यस बापत रु. २४ लाख संकलन हुने अनुमान गरिएको छ । घैलाडुब्बा बजारमा १० कोठे १ तल्ले भवन भएता पनि हालसम्म त्यसको परिचालन गरी आयआर्जन हुन सकेको छैन । नगरपालिकाले “घरजग्गा, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि २०७५” तर्जुमा गरी यस कार्यलाई व्यवस्थित बनाउदै गईरहेको छ ।

त्यसैगरि नगरपालिकाको स्वामित्वमा रहेको जे.सि.बी र स्काभेटर पनि बहालमा दिने गरेको र सो बापत रकम संकलन गरिरहेको छ । नगरपालिकाले आर्थिक ऐनमा यसको भाडा दरका सम्बन्धमा कुनै व्यवस्था गरेको छैन तर चालु आ.व.मा बहाल बापत प्रति घण्टा रु १५०० (उपभोक्ता समितिले प्रयोग गरेमा) र रु. १७०० (अन्य व्यक्ति वा निकायले प्रयोग गरेमा) का दरले संकलन गर्ने गरेको र कार्तिक मसान्तसम्म रु १ लाख ७८ हजार संकलन भएको छ । प्रभावकारी परिचालनका लागि “व्याकहो लोडर सञ्चालन कार्यविधि, २०७४” तजुमा गरी कार्यान्वयन गरिरहेको छ ।

**सम्भावना:** नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहालबाट आगामी आ.व.मा देहाएअनुसार आम्दानी गर्नसक्ने देखिन्छ :

**तालिका १०: सम्पत्तिको बहालबाट प्राप्त हुनसक्ने आयको सम्भाव्यता विवरण**

| क्रं. सं. | स्वामित्वमा रहेको सम्पत्ति | ईकाई | संख्या | मासिक भाडा दर | प्रस्तावित भाडा दर | वार्षिक संभाव्य आय |
|---|---|---|---|---|---|---|
| १ | सुरुङ्ग बजारमा भएका पक्कि भवनहरू १. २० कोठे तल्लो भवन २. २० कोठे माथिल्लो भवन ३. १४ काठे पक्कि भवन | कोठा | ४ | ३,५०० | ४,००० | १९२,००० |
| | | | ८ | ३,००० | ३,२५० | ३१२,००० |
| | | | १६ | २,६०० | २,७५० | ५२८,००० |
| | | | ६ | २,४०० | २,६०० | १८७,२०० |
| | | | ६ | २,३०० | २,५०० | १८०,००० |
| | | | ४ | १,८०० | १,९५० | ९३,६०० |
| | | | १० | १,५०० | १,७०० | २०४,००० |
| २ | सुरुङ्गा बजारमा भएका कच्चि भवनहरू १. ७२ कोठे टहरा २. २० कोठे टहरा | कोठा | १६ | १,००० | १,१०० | २११,२०० |
| | | | १६ | ९०० | १,००० | १९२,००० |
| | | | ४० | ८०० | ८५० | ४०८,००० |
| | | | ४ | ६०० | ६५० | ३१,२०० |
| ३ | सुरुङ्ग बजारमा भएको कृषि टहरा | कोठा | १० | ७०० | ७०० | ८४,००० |
| | | | ८ | ६०० | ६०० | ५७,६०० |
| | | | १४ | ५०० | ५०० | ८४,००० |
| ४ | घैलाडुब्बा बजारमा भएको १० कोठे १ तल्ले भवन | भवन | १ | | एकमुष्ठ | १००,००० |
| ५ | जेसीबि तथा स्काभेटर (प्रति घण्टा औसत भाडा दर उपभोक्ता समितिका लागि रु. १५०० र अन्यका लागि रु. १७००) | ठुला औजार | २ | | एकमुष्ठ | ७००,००० |
| | **जम्मा** | | | | | **३,५६४,८००** |

**सुधारका पक्षहरू:**

- भवन, कोठा तथा टहराको भाडादर पुनरावलोकन गरि बजारको चलनचल्तिको बहाल रकमसंग मेल खाने गरि परिमार्जन गर्ने ।
- घैलाडुब्बा बजारमा रहेको भवनको प्रभावकारी परिचालन गरि आयआर्जन गर्ने व्यवस्था गर्ने ।
- कार्यविधिमा उल्लेखित शर्तहरू पालना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।
- जे.सि.बी र स्काभेटरको बहाल रकमको दर निर्धारण गरि आर्थिक ऐनमा उल्लेख गर्नुपर्ने ।

# परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

नगरपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नगर उप-प्रमुखको संयोजकत्वमा देहायअनुसार ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका ११: राजस्व परामर्श समिति**

| क.सं. | समितिका व्यक्तिहरु (पद) | समिति (जिम्वेवारी) |
|---|---|---|
| १ | नगर उप प्रमुख | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | वडा अध्यक्ष (वडा नं. ) | सदस्य |
| ४ | महिला सदस्य | सदस्य |
| ५ | उद्योग वाणिज्य संघ, प्रतिनिधि | सदस्य |
| ६ | लेखा प्रमुख | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगर सभा समक्ष पेस गरेको थियो ।

पुनर्संरचित नगरपालिको संवैधानिक व्यवस्थाको आधारमा नगरपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरि नगरसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शिर्षगत् दायरा तथा उक्त दायराका दररेटहरू राखी नगरसभा मार्फत् आर्थिक ऐन पारित गरिएको हो । यसका अतिरिक्त नगरपालिकाले राजस्व परिचालन सम्वन्धि कुनै नीति तर्जुमा गरेको पाईदैन । नगर सभाद्वारा आ.व.२०७५।७६ को लागि आन्तरिक आय तर्फ शीर्षकगत वर्गीकरण सहित जम्मा रु. ३ करोड ९५ लाख ९० हजार संकलन हुने अनुमान गरेका छ ।

### *नगर सभाले आ.व.२०७५।७६ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :*

- नगरक्षेत्र भित्र संकलन गरिने नदीजन्य पदार्थ ढुवानी गर्ने साधनलाई नदीजन्य पदार्थ संकलन क्षेत्रमा नै तोकिए बमोजिमको पूर्वाधार विकास शुल्क लगाइने ।
- नगर क्षेत्रभित्र संचालनमा रहेका सवारी साधनहरूले एकमुष्ठ पूर्वाधार विकास शुल्क बुझाएमा उक्त सवारी साधनले पटक पटकपूर्वाधार शुल्क तिर्नु नपर्ने ।
- सामुदयिक वनबाट विक्री हुने बन पैदावरमा पर्यटन वन वातावराण प्रवर्द्धन तथा संरक्षण शुल्क पाँच प्रतिशत विक्री कर लागाइने छ । उक्त करहरू आपसी सहमतिमा लगाएका हुँदा सामुदायिक वनहरूले चौमासिक रुपमा नगरपालिकामा बुझाउने व्यवस्था गरिएको ।

- सामुदायिक वन र निजी पर्यटकीय क्षेत्र, पिकनिक क्षेत्र, सामुदायिक वनहरूमा लिइने प्रवेश शुल्कमा पर्यटन वातावरण प्रवर्द्धन तथा संरक्षण शुल्क वापत पाँच प्रतिशत कर लगाईने छ । उक्त रकम सम्बन्धित निकायले चौमासिक रुपमा नगरपालिकामा बुझाउने व्यवस्था मिलाएको ।

- एकीकृत सम्पत्ति कर, व्यवसाय कर, घर वहाल कर पुष मसान्त सम्म एकमुष्ठ बुझाएमा दश प्रतिशत छुट दिने ।

- नगरपालिकालाई बुझाउनु पर्ने कोठा, सटर तथा घर भाडा एकमुष्ठ बुझाएमा पाँच प्रतिशत छुट दिईने ।

- नगरपालिकाबाट वार्षिक लाग्ने ठेक्कामा तोकिएको रकम एकमुष्ठ बुझाएमा दश प्रतिशत छुटको व्यवस्था गरिएको ।

- व्यवसाय दर्ता, नवीकरण तथा व्यवसाय कर संकलनको लागि तेस्रो पक्षीय निकाय परिचालन गरिने ।

- नगरपालिका क्षेत्रभित्र घर निमार्ण गर्नु पूर्व नियमानुसार नक्सा पास गर्ने व्यक्ति तथा संस्थाहरूलाई नक्सा पास दस्तुर पाँच प्रतिशत छुट दिईने छ । साथै निमार्ण पूर्व नियमानुसार नक्सा पास नगर्ने व्यक्ति तथा संस्थालाई नक्सा पास गर्दा लाग्ने दस्तुरमा सत प्रतिशत दस्तुर थप गरिनेछ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

नगरपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ । नगरपालिकाको आन्तरिक आयको औसत वार्षिक बृद्धि दर २९ प्रतिशत देखिएको छ (तालिका ५) । नगरपालिकाले दायरा तथा दरमा वृद्धि गरि यो लक्ष हासिल गरेको देखिन्छ । त्यसैगरि राजस्व बाँडफाँडबाट प्राप्त आम्दानीको औषत वार्षिक बृद्धिदर ५.२ प्रतिशतले ऋणात्मक देखिन्छ भने वाह्य स्रोत बाट प्राप्त आम्दानी भने १४३ प्रतिशत गरि नगरपालिकाको कुल आय ११८ प्रतिशतले बढेको देखिन्छ ।

**तालिका १२: नगरपालिकाको आय वृद्धिदर**

*रु ००० मा*

| क.सं. | आय शीर्षक | यथार्थ आय | | | औषत वार्षिक बृद्धिदर | अनुमान |
|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | | २०७५/७६ |
| **क.** | **आन्तरिक आय** | **१५,८८४** | **२१,५३५** | **२६,२९५** | **२९%** | **३९,५९०** |
| **१** | **जम्मा स्थानीय कर** | **८,४३८** | **१४,८८७** | **१४,३०१** | **३०%** | **१६,९००** |
| १.१ | मालपोत तथा भूमिकर | १,८२० | ० | ० | | ० |
| १.२ | घरजग्गा कर | ६४ | ० | ० | | ० |
| १.३ | वहाल कर | ४९ | २३ | ३७ | -१३% | ५०० |
| १.४ | विटौरी कर (हाट बजार कर) | ५,३५४ | ७,६०३ | ५,१३९ | -२% | ६,००० |
| १.५ | व्यवसाय कर | ६६५ | ६२८ | ९४५ | १९% | १,२०० |
| १.६ | सवारी दर्ता तथा वार्षिक सवारी कर | ४ | २ | | | ० |
| १.७ | सम्पति कर | ० | ५,८८७ | ७,६५५ | ३०% | ७,००० |
| १.८ | मनोरन्जन कर | ० | ० | ० | | २,००० |
| १.९ | पटके सवारी कर | ४८२ | ६८० | ४४६ | -३४% | ० |
| १.१० | विज्ञापन कर | ० | ६४ | ७८ | २३% | २०० |
| **२** | **जम्मा सेवा शुल्क** | **७१७** | **७३६** | **०** | | **६,६४०** |
| २.१ | सवारी पार्किङ्ग शुल्क | ० | ० | ० | | २० |
| २.२ | सार्वजनिक सुविधा उपयोग सेवा शुल्क | २१ | १५ | ० | | ५,८२० |
| २.३ | अचल सम्पति मूल्याङ्कन सेवा | ६९६ | ७२१ | ० | | ८०० |

| क.सं. | आय शीर्षक | यथार्थ आय | | | औषत वार्षिक बृद्धिदर | अनुमान |
|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | | २०७५/७६ |
| | शुल्क | | | | | |
| **३** | **जम्मा दस्तुर** | **४,३३७** | **३,३००** | **६,४३१** | **२२%** | **६,३००** |
| ३.१ | दर्ता तथा नवीकरण दस्तुर | १०७ | ० | ० | | १०० |
| ३.२ | नक्सापास दस्तुर | २,१४२ | १,१६० | १,८९८ | -६% | २,००० |
| ३.३ | सिफारिस तथा बक्सौनी दस्तुर | १,७१३ | २,००३ | ४,५३२ | ६३% | ३,००० |
| ३.४ | नाता प्रमाणित दस्तुर | १६१ | १३७ | ० | | २०० |
| ३.५ | अन्य दस्तुर | २१४ | ० | ० | | १,००० |
| **४** | **जम्मा अन्य आय** | **२,३९२** | **२,६१३** | **५,५६४** | **५३%** | **९,७५०** |
| ४.१ | दण्ड जरिवाना | ० | ० | ० | | २० |
| ४.२ | भाडा तथा वहाल वाट आय | २,२७४ | १,८४९ | २,३५३ | २% | २,४०० |
| ४.३ | दहत्तर बहत्तर बिक्री | ० | ० | ० | | ६,००० |
| ४.४ | वन पैदावार बाट प्राप्त रकम | ० | ० | ० | | १,००० |
| ४.५ | अन्य विक्री (टेण्डर फारम समेट) | ३२ | १२३ | ० | | ३० |
| ४.६ | अन्य विविध आय | ८५ | ६४१ | ३२१० | ५१५% | ३०० |
| **ख.** | **राजस्व बाँडफाँड** | **४,२४९** | **६,७६८** | **९६९** | **-५२%** | **७५,१३९** |
| ५.१ | मालपोत रजिष्ट्रेशन बापत | १,३१७ | २,६०५ | ० | | २,५०० |
| ५.२ | केन्द्र सरकार तथा जिसस बाट प्राप्त | २,९३२ | ४,१६३ | ९६९ | | ० |
| ५.३ | केन्द्र सरकारबाट प्राप्त राजस्व बाँडफाँड | ० | ० | ० | | ७२,६३९ |
| **ग.** | **बाह्य श्रोत** | **६१,६३९** | **८६,४६८** | **३६२,५४०** | **१४३%** | **३७३,१७३** |
| ६.१ | नेपाल सरकारबाट प्राप्त अनुदान | ३,६०० | ७९,७१३ | ० | | ० |
| ६.२ | नेपाल सरकार वित्तीय समानिकरण अनुदान | ० | ० | १९५,८२५ | | ११८,३०० |
| ६.३ | ससर्त अनुदान | ४४,६०४ | ० | ९०,८५७ | | १३१,५०० |
| ६.४ | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | ० | ० | ० | | ३,७७० |
| ६.५ | केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त विशेष तथा समपुरक अनुदान | ० | ० | ० | | ३१,७०३ |
| ६.६ | नेपाल सरकारबाट थप अनुदान | ० | ० | ३,००० | | ० |
| ६.७ | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | ० | ० | १४५० | | ० |
| ६.८ | अन्य निकायबाट प्राप्त अनुदान | ४,६९२ | ६,७५५ | ६,२५१ | | ५,००० |
| ६.९ | सामाजिक सुरक्षा भत्ता | ० | ० | ६५,१५७ | | ८१,००० |
| ६.१० | स्थानीय विकास शुल्क | ८,७४३ | ० | ० | | ० |
| ६.११ | प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम | ० | ० | ० | | १,९०० |
| | **कुल जम्मा आय** | **८१,७७१** | **११४,७७१** | **३८९,८०४** | **११८%** | **४८७,९०२** |

नगरपालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख तीन श्रोतहरूमा क्रमशः सम्पत्ति कर, सिफारिश तथा वक्सौनी दस्तुर र विटौरी कर (हाट बजार कर) रहेको छ । तलको तालिकामा नगरपालिकाको आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कुल आन्तरिक आयमा योगदान देखाइएको छ, जसअनुसार नगरपालिकाको कुल आन्तरिक आयमा सबैभन्दा बढी स्थानीय करको योगदान ५० प्रतिशत भन्दा बढी रहेको छ भने दोस्रो तथा तेस्रोमा क्रमशः दस्तुर तथा अन्य विविध आयको योगदान रहेको छ ।

**तालिका १३: नगरपालिकाको आन्तरिक आयमा योगदान**

*रु ००० मा*

| आन्तरिक आय स्रोत | २०७२/७३ | प्रतिशत | २०७३/७४ | प्रतिशत | २०७४/७५ | प्रतिशत |
|---|---|---|---|---|---|---|
| स्थानीय कर | ८,४३८ | ५३% | १४,८८७ | ६९% | १४,३०१ | ५४% |
| सेवा शुल्क | ७१७ | ५% | ७३६ | ३% | ० | ०% |
| दस्तुर | ४,३३७ | २७% | ३,३०० | १५% | ६,४३१ | २४% |
| अन्य आय | २,३९२ | १५% | २,६१३ | १२% | ५,५६४ | २१% |
| **जम्मा आन्तरिक आय** | **१५,८८४** | **१००%** | **२१,५३५** | **१००%** | **२६,२९५** | **१००%** |

नगरपालिकाको आय संरचना हेर्दा आन्तरिक आय हिस्सा न्यून छ जसले नगरपालिका वाह्य स्रोतमा निर्भर रहेको देखिन्छ । तल उल्लेखित तालिका ७ तथा रेखाचित्र १ मा हेर्दा आ.व. २०७४/०७५ को कुल आयमा आन्तरिक स्रोत बाट प्राप्त आयले जम्मा ८ प्रतिशत, राजस्व बाँडफाँडले १ प्रतिशत र बाँकी ९१ प्रतिशत हिस्सा बाह्य स्रोतले ओगटेको छ ।

**तालिका १४: नगरपालिकाको कूल आयमा योगदान**

*रु ००० मा*

| आय स्रोत | २०७२/७३ | प्रतिशत | २०७३/७४ | प्रतिशत | २०७४/७५ | प्रतिशत |
|---|---|---|---|---|---|---|
| आन्तरिक आय | १५,८८४ | १९% | २१,५३५ | १९% | २६,२९५ | ७% |
| राजस्व बाँडफाँड | ४,२४९ | ५% | ६,७६८ | ६% | ९६९ | ०% |
| बाहृय श्रोत | ६१,६३९ | ७५% | ८६,४६८ | ७५% | ३६२,५४० | ९३% |
| **जम्मा** | **८१,७७१** | **१००%** | **११४,७७१** | **१००%** | **३८९,८०४** | **१००%** |

**रेखाचित्र १: नगरपालिकाको कूल आयमा योगदान**



## ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

संगठन संरचनामा नगरपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत् रहने गरि राजस्व उपशाखा गठन गरेता व्यवहारमा उपशाखाको रुपमा कार्यगत् देखिदैन । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व संकलनको अवस्था देहायअनुशार रहेको छ :




- राजस्व उपशाखा (ना.सु. १ र खरिदार २ गरी जम्मा ३ जना कर्मचारीको दरबन्दी सहीत) को संरचना स्वीकृत गरिएता पनि आर्थिक प्रशासन शाखा अन्तर्गत् राजस्व संकलन ईकाईको रुपमा रहेको ।
- राजस्व शाखामा कार्यरत कर्मचारीले नम्र व्यवहारका साथ सेवाग्राहीलाई सेवा दिने गरेको ।
- राजस्व संकलनका लागि ना.सु. १ जना र कम्प्युटर अपरेटर १ जना गरि जम्मा २ जना कार्यरत ।
- नेपाल सरकार (भवन विभाग अन्तर्गत्को कार्यक्रम) द्वारा निर्मित् सफटवेयर जडान गरि सो को प्रयोग गरिएको ।
    - *नगरपालिका कार्यालय तथा वडा कार्यालयहरूमा जडान गरि कम्प्युटर विलिङ्ग प्रणाली मार्फत राजस्व संकलन हुने गरेको ।*
    - *सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार नभएकाले संकलन गरिएको राजस्वका शीर्षकहरू नमिलेको ।*
    - *करका शीर्षक अनुसार नगर सभाले निर्धारण गरेको दर प्रविष्टी नगरेकाले रसिद काट्ने बेलामा नै हातले प्रविष्टी गरिने हुदा झन्झटिलो र गल्ति हुने सम्भावना रहेको ।*
    - *सेवा शुल्क तथा बिक्रीको बैग्ले महल तथा शीर्षक नखोलिएकाले यस किसिमको आयहरू विविध आय शीर्षकमा संकलन हुने गरेको ।*
- वडा नं. ५, ८ र ९ ले सम्पत्ति कर र सिफारिश दस्तुरहरू संकलन गर्ने गरेको र बाँकी सम्पुर्ण राजस्व नगरपालिका कार्यालयबाट नै संकलन हुने गरेको ।



- नगरपालिका कार्यालयमा औसत ४० देखि ५० जना करदाताबाट औसत ५०,००० रकम दैनिक संकलन हुने गरेको ।
- करदाताहरू धैरै आई भीड हुने अवस्था आएमा टोकन प्रणालीका लागि टोकन मेसिन जडान गरी सेवा दिने गरिएको ।
- सम्पत्ति करका करदाताहरूको फाईल तथा दैनिक काटिने रसिदहरू व्यवस्थित रुपमा फाईलिङ्ग नभएको ।

- संकलित रकम अवस्था हेरी प्रत्येक २ दिनमा बैंक दाखिला गर्ने गरेको । वडा कार्यालयहरूले पनि सोही अनुसार बैंक दाखिला गरि मासिक रुपमा नगरपालिकाको राजस्व संकलन केन्द्रमा विवरण सहित भौचर बुझाउने गरेको गरेको ।



- मासिक रुपमा वडा कार्यालयहरू प्राप्त विवरणहरू समेत समावेश गरि शीषर्कगत् रुपमा संकलित रकमको विवरण सहित बैंक भौचरहरू लेखा शाखामा बुझाईने गरेको ।
- राजस्व संकलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको । एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक फरक शीर्षकमा प्रविष्टी हुने गरेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।

## ४.४. राजस्व परिचालनमा रहेका सवालहरू

नगरपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको श्रोत र आधारहरू बृद्धी गर्न नगरपालिकाको राजस्व प्रशासनको बर्तमान संगठनको विस्तार गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । नगरपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा नगरपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संसाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शीर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

### ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

नगरपालिकाले आय परिचालन सम्वन्धी नीति तथा मूख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

### ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

नगरपालिकाले हालको कानूनी व्यवस्था अनुसार राजस्व संकलनकोलागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा

कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रशार गर्नु पर्दछ ।

**घ. तथ्याङ्कमा आधारित अभिलेख**

आन्तरिक आयको अधिकतम परिचालनकालागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । नगरपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित ब्यक्तीगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट ब्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्वन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाईएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

# परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला संचालन गरिएको थियो । नगरपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा नगर प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, नगरपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनैतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागीता रहेको थियो । कार्यशालामा सहभागीहरू तीनवटा समुहमा वसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार तथा प्रस्तुत गर्नु भएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. राजस्व प्रशासनमा सुधार
ख. कर राजस्व सुधार योजना
ग. गैरकर राजस्व सुधार योजना

## तालिका १५: राजस्व सूधार कार्ययोजना (मस्यौदा गरिएको मिति २४ मार्ग २०७५)

### क. राजस्व प्रशासन सुधार योजना

| क.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानूनी तथा नीतिगत व्यवस्था** | | |
| | राजस्व परामर्श समितिको मासिक बैठक गरी भूमिकालाई प्रभावकारी बनाउने | २०७५ माघ देखी | राजस्व परामर्श समिति |
